# ALL INDIA RADIO GANGTOK
# NEPALI NEWS BULLETIN

**BROADCAST: 18:40 hrs** **Date: 12.12.2024**

**एल एस डिजास्टर म्यानेज्मेन्ट**

लोकसभामा आज आपदा प्रवन्धन संशोधन विधेयक 2024 प्रस्तुत गरियो। विधेयकमा आपदा प्रवन्धनअधिनियम 2005 मा संशोधनको प्रावधान छ। यसको उद्देश्य राष्ट्रिय आपदा प्रबन्धन प्राधिकरण एनडीएमए र राज्य आपदा प्रबन्धन प्राधिकरण एस डी एम ए लाई कुशल बनाउनु हो। विधेयकमा राज्य सरकारलाई राज्यको राजधानी र नगर निगम युक्त शहरहरूलाई एउटा छुट्टै शहरी आपदा प्रवन्धन प्राधिकरण गठन गर्ने अधिकार दिने व्यवस्था छ। यसमा राष्ट्रिय र राज्य स्तरमा आपदा डेटाबेस बनाउने प्रावधान छ। विधेयकमा राज्य सरकारहरूलाई राज्य आपदा प्रतिक्रिया बल SDRF गठन गर्ने अधिकार दिइएको छ।

**राज्यसभा –एमपि**

राज्यसभा सांसद श्री दोर्जी छिरिङ लेप्चाले राज्यका गम्भीर मामिलाहरूको सभाधानका निम्ति हालै केन्द्रीय पर्यावरण, वन तथा जलवायु परिवर्तन मन्त्री श्री भूपेन्द्र यादवसित भेट गर्नुभयो। भेटघाटका बेला उहाँहरूले सिक्किमका लागि हरित बोनस आबंटन अनि छाङगु, कुपुप, नाथाङ र जलुक जस्ता क्षेत्रहरू लगायत जवाहरलाल नेहरू मार्गका वासिन्दाहरूका लागि भूमि नियमितकरणबारे चर्चा गर्नुभयो। श्री लेप्चाले केन्द्र सरकारसित यी क्षेत्रका वासिन्दाहरूको अधिकार र सुरक्षा सुनिश्चित गर्ने यस मामिलालाई प्राथमिकता दिने आग्रह गर्नुभएको छ। पूर्ण जैविक राज्यको रूपमा सिक्किमको अद्वितीय दर्जा र पर्यावरण संरक्षणमा महत्वपूर्ण योगदानबारे प्रकाश पार्दै राज्यसभा सदस्यले राज्यका निम्ति हरित बोनस आबंटनको महत्वबारे अवगत गराउनुभयो। केन्द्रीय मन्त्रीले आश्वासन दिनुभए अनुसार मन्त्रालयले आवश्य पाइला चालेर भूमि निमभितकरण मामिलाको समाधान गर्नेछ।

**साइबर सक्युरिटी अवेर्नेस**

सूचना प्रौद्योगिकी विभागले जिल्ला प्रशासनिक केन्द्र नाम्चीमा आज साइबर सुरक्षा कार्यक्रम आयोजित गर्यो। राज्य स्थापनाको पचासौं वर्षगाँठ समारोहको एक भागको रूपमा आयोजना गरिएको कार्यक्रमको उद्देश्य डिजिटल विश्वमा सुरक्षा स्तर कायम राख्नुको महत्ववारे जागरूकता फैलाउनु थियो। यसमा जोखिम स्थितिको पत्तो लगाउनका साथै सम्मावित खतरा अनि साइबर हमला विरूद्ध आंकडा तथा उपकरण सुरक्षाको अभ्यासबारे अवगत गराइयो। उपस्थित जनसमूहलाई सम्बोधन गर्दै नाम्चीकी अतिरिक्त जिल्लाधीश सुश्री त्रिसाङ तामङले वर्तमान युगमा सूचना प्रौद्योगिकीको विशेषताबारे जोड़ दिनुभयो र सबैसित बढ़दो साइबर अपराधबाट सतर्क रहने आग्रह गर्नुभयो। कार्यक्रममा विशेषज्ञ श्री निर्मस राईले पावर पोइन्ट प्रस्तुतीद्वारा साइबर सुरक्षा, गोपनीयता र सम्वेदनशील आंकडा सुरक्षाको अभ्यासबारे जानकारी दिनुभयो।

**स्पेशल ओलेम्पिक**

दिब्याङ्गजनका लागि जिल्ला स्तरीय विशेष ओलेम्पिक सोरेङको जौटार स्टेडियममा आज आयोजित भयो। शिक्षा विभगसित मिलेर यसको आयोजना विशेष ओलेम्पिक भारतले गरेको थियो। समारोहलाई मुख्य अतिथिको रूपमा सम्बोधन गर्दै मुख्यमन्त्रीका प्रेस सल्लाहकार श्री सी. पी शर्माले सहभागीहरूलाई खेलकुदका प्रतियोगिताहरूमा सहभागी बनेर जीवनमा उचाई हासिल गर्न प्रेरित गर्नुभयो। उहाँले शिक्षामाथि पनि ध्यान दिने आग्रह गर्नुभएको छ। आफ्नो वक्तव्यमा जिल्लाधीश श्री धीरज सुबेदीले सहभागीहरूलाई खेलकुदको भावनालाई कायम राखेर प्रतिसष्पर्धा गर्न प्रोत्साहित गर्नुभयो। स्पेशल ओलेम्पिक भारत सिक्किम च्याप्टरका अध्यक्ष श्री कुबेर शर्माले यो प्रतियोगिता आयोजनको लक्ष्य 2027 सालमा हुने विशेष ओलेम्पिकमा सहभागिता रहेको बताउनुभयो।

**कोविन्द नोट**

पूर्व राष्ट्रपति श्री रामनाथ कोविन्दले भन्नुभएको छ- एक राष्ट्र एक चुनाव द्वारा देशकको सकल घरेलु उत्पाद जीडीपी एकदेखि डेढ़ प्रतिषतसम्म बढ़न सक्छ। एक राष्ट्र एक चुनाउ समितिका अध्यक्ष पूर्व राष्ट्ररपतिले यसको वकालत गर्दै भन्नुभयो यो देशका लागि परिवर्तनकारी हुनेछ। कानपुरमा सम्वाददाताहरूसित कुराकानी गर्दै उहाँले भन्नुभयो केन्द्र सरकारले यसको कार्यान्वयनका लागि सर्वसम्मतिले निर्णय लिनुपर्छ। देशमा राज्यविधानसभा र लोकसभाका लागि एकैचोटि चुनाउ गराउनमा समर्थन व्यक्त गर्दै उहाँले भन्नुभयो यो मुद्दा राष्ट्रहितमा छ।

**अन्डर -17 फुटबल**

दोस्रो सिक्किम अन्डर -17 फुटबल पर्व राज्यमा आजदेखि शुरू भएको छ। बल्याक क्याट डिभिजनको परिवार कल्याण संगठनकी अध्यक्ष श्रीमती शुभ्रा काब्थियालले गान्तोकको पाल्जोर स्टेडियममा आज यसको उद्घाटन गर्नुभयो। राज्यमा कुनाकुनाबाट उत्कृष्ट युवा फुटबल खेलाड़ीहरूलाई सहभागी बनाउनु फुटबल पर्वको उद्देश्य रहेको छ। यसमा ठिटाहरूको दसवटा र ठिटीहरूको छ वटा गरी जम्मा सोह्र टीमले भाग लिइरहेछन्। आफ्नो उद्घाटन भाषणमा श्रीमती शुभ्रा काब्थियालले भन्नुभयो सिक्किम अन्डर 17 फुटबल पर्व टुर्नामेण्ट मात्र नभएर युवाहरूको प्रतिभासँगै सिक्किमको  जीवन्त संस्कृति प्रदर्शन गर्ने अवसर हो। तृणमूल स्तरमा फुटबल खेलको प्रवर्द्धनका लागि भारतीय सेनाको त्रिशक्ति कोरद्वारा आयोजित टुर्नामेन्टका म्याचहरू पाल्जोर स्टेडियम र नाम्चीको भाइचुङ स्टेडियममा हुनेछन्। पहिलो दिनको खेला अन्तर्गत गर्ल्स डिभिजनमा  Northeners फुटबल क्लबले पाक्योङ युनाइटेडलाई चार गोलले परास्त गर्यो। पराजित टीमले एउटै गोल पनि गर्न सकेन।

**कराते**

नयाँ दिल्लीको तालकटोरा इन्डोर स्टेडियममा हुने अखिल भारतीय सब जुनियर कराते च्याम्पियनशीप 2024 मा राज्यको टीमले पनि भाग लिने भएको छ।सिक्किम राज्य कराते डो संघको उन्तीस सदस्यीय टीमले राज्यको प्रतिनिधित्व गर्नेछ। यसका लागि राज्यको टोली नयाँ दिल्ली प्रस्थान भइसकेको छ। प्रतियोगिता भोलिदेखि शुरू हुनेछ।

**एक राष्ट्र एक चुनाउ**

श्री कोविन्दको अध्यक्षतामा एउटा उच्चस्तरीय समितिले आफ्नो रिपोर्टमा यस्तो सुझाउ दिएको थियो। केन्द्रीय मन्त्रीमण्डलले एकैचोटि चुनाउ गराउनमा उच्च स्तरीय समितिका सिफारिशहरूलाई स्वीकार गरेको छ।